# रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल)
# करार, सिफ्ट वा बुलेटिन वेसिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति, सेवाशर्त तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०७८

पहिलो संशोधन : मिति २०७८।०७।२२

**प्रस्तावना :** रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) मा करार, सिफ्ट वा बुलेटिन वेसिस र सेवा करार वा ज्यालादारीमा जनशक्ति नियुक्ति गर्नका लागि पदको कार्य विवरण, नियुक्ति प्रक्रिया, उम्मेदवारको योग्यता तथा निर्देशिका सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम ३७ ले दिएको अधिकार प्रयोग गरि संचालक समितिले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "करार, ज्यालादारी, सिफ्ट वा बुलेटिन बेसिस र सेवा करार वा ज्यालादारी जनशक्ति नियुक्ति, सेवा शर्त तथा मापदण्ड सम्बन्धी निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "करार सेवा" भन्नाले यस निर्देशिकाको परिच्छेद-२ मा उल्लेख भए अनुसारको सेवा सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ सम्झनुपर्दछ ।

(ग) "समिति" भन्नाले रेडियो प्रसार सेवा विकास समिति (गठन) आदेश, २०४१ को दफा २ (क) वमोजिम गठित संचालक समिति सम्झनुपर्दछ ।

(घ) "सिफ्ट बेसिस वा बुलेटिन बेसिस" भन्नाले यस निर्देशिकाको परिच्छेद-३ मा उल्लेख भए अनुसारको सेवा सम्झनुपर्दछ ।

(ङ) "रेडियो नेपाल" भन्नाले रेडियो प्रसार सेवा विकास समिति सम्झनुपर्दछ ।

(ङ) "सेवा करार वा ज्यालादारी" भन्नाले यस निर्देशिकाको परिच्छेद-४ मा उल्लेख भए अनुसारको सेवा सम्झनुपर्दछ ।

## परिच्छेद-२
## करार सम्बन्धी व्यवस्था

३. **करार सेवामा नियुक्ति:** रेडियो नेपालमा देहायको अवस्थामा करारमा जनशक्ति नियुक्ति गर्न सकिनेछ ।

(क) रेडियो नेपालमा कुनै निश्चित कार्यक्रम कार्यान्वयनका लागि आवश्यक योग्यता पुगेका व्यक्ति नभएको अवस्थामा वा समितिमा दरबन्दीको व्यवस्था नभएको अवस्थामा ।

(ख) रेडियो नेपालमा रिक्त रहेको दरबन्दीमध्येबाट खुला प्रतियोगिता तर्फ छुट्याइएको पदमा स्थायी पदपूर्ति नभए सम्मको अवस्थामा ।

(ग) खण्ड (क) र (ख) बमोजिमको अवस्थामा रेडियो नेपाललाई तत्काल जनशक्ति आवश्यक परेमा एक वर्षमा नबढाई समितिको स्वीकृति लिई कार्यकारी निर्देशकले खुल्ला प्रतिस्पर्धा गराई करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

४. **करार सेवामा नियुक्त हुने पदको कार्य विवरण :** रेडियो नेपालमा करार सेवामा कार्य गर्नका लागि नियमावलीको अधिनमा रही देहाय बमोजिमको पद र कार्य विवरण रहने छ ।

(क) नियमावलीले दरबन्दीको व्यवस्था गरेको पदको हकमा सोही कार्य विवरण कायम हुनेछ ।

(ख) नियमावलीमा दरबन्दीको व्यवस्था नभएको पदको हकमा नियुक्ति गर्दाको बखतमा तोकेको कार्य विवरण अनुसार हुनेछ ।

५. **नियुक्ति प्रकिया र सेवा अवधि :** (१) रेडियो नेपालमा दरबन्दीको व्यवस्था नभएका तथा रिक्त पदहरु पदपूर्ति नभएसम्मका लागि कार्य विवरण, नियुक्ति प्रक्रिया, आवश्यक योग्यता, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु करारमा उल्लेख हुने अवधिभरका लागि बढिमा एक वर्ष वा स्थायी पदपूर्ति नभएसम्मका लागि संचालक समितिको स्वीकृति लिई खुल्ला प्रतिस्पर्धाका आधारमा कार्यकारी निर्देशकले करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धाका लागि पदसंग सम्बन्धित आवश्यक विवरण खुलाई खुल्ला प्रतियोगिताका लागि कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्ति गरिने पदको लागि खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिता सञ्चालन गरी करार नियुक्तिका लागि सिफारिश गर्न कार्यकारी निर्देशकले उपसमिति गठन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम गठन हुने उपसमितिले प्रयोगात्मक वा अन्तरवार्ता वा प्रयोगात्मक तथा अन्तरवार्ता दुवै परिक्षा लिई सोको आधारमा नियुक्तिका लागि कार्यकारी निर्देशक समक्ष सिफारिस गर्नु पर्नेछ ।

६. **<u>पारिश्रमिक र सुविधा:</u>** करार सेवाका जनशक्तिको पारिश्रमिक र सुविधा नेपाल सरकार, न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको भन्दा घटी नहुने गरी करारमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## सिफ्ट वा बुलेटिन वेसिस सम्बन्धी व्यवस्था

७. **<u>बुलेटिन वेसिसमा नियुक्ति :</u>** (१) रेडियो नेपालले सिफ्ट वा बुलेटिन वेसिसमा काम गर्ने सम्बवाददाता, कार्यक्रम प्रस्तोता र समाचारवाचकको काम गराउनु पर्ने देखिएमा आवश्यक संख्यामा समाचार तथा कार्यक्रम प्रसारणको आधारमा पारिश्रमिक दिने गरी प्रतिस्पर्धाको आधारमा दफा ५ वमोजिम कार्यकारी निर्देशकले नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समाचार प्रसारणका आधारमा पारिश्रमिक दिने गरी रेडियो नेपाललाई आवश्यक पर्ने स्थानीय सम्वाददाता (स्ट्रिञ्जर) नियुक्त गर्न वाधा पर्ने छैन ।

८. **<u>कार्य विवरण</u>** : रेडियो नेपालबाट प्रसारण हुने समाचार तथा कार्यक्रमको लागि सिफ्ट वा बुलेटिन बेसिसमा कार्य गर्नका लागि नियमावलीको अधिनमा रहि देहाय बमोजिमको पद र कार्य विवरण रहने छ ।

(क) रिपोर्टर/सम्बवाददाता : समाचार तथा कार्यक्रम सामग्री संकलन ।

(ख) समाचारवाचक : विभिन्न भाषाको समाचार सम्पादन तथा वाचन ।

(ग) कार्यक्रम सञ्चालक /कार्यक्रम प्रस्तोता : कार्यक्रम उत्पादन तथा सञ्चालन ।

९. **<u>नियुक्ति प्रक्रिया र सेवा अवधि</u>** : यस निर्देशिकाको दफा ८ बमोजिमका पदहरु स्थानीय सम्वाददाता (स्ट्रिञ्जर) वाहेकमा कार्य विवरण, सुविधा तथा सेवाका शर्तहरु, प्रति बुलेटिन/प्रति कार्यक्रम/प्रति सिफ्ट पारिश्रमिक र करार अवधि खुलाई खुल्ला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशकले नियुक्ति गर्न सक्नेछ । यस प्रकृतिको नियुक्तिको अवधि बढिमा एक वर्षसम्मका लागि हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धाका लागि पदसंग सम्बन्धित आवश्यक विवरण खुलाई कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नियुक्ति गरिने पदको लागि प्रतिस्पर्धात्मक प्रतियोगिता संचालन गरी करारमा नियुक्तिका लागि सिफारिश गर्न कार्यकारी निर्देशकले छनौट उपसमिति गठन गर्न सक्नेछ। छनौट उपसमितिमा प्रशासन महाशाखा हेर्ने नायव कार्यकारी निर्देशकको संयोजकत्वमा सम्बन्धित महाशाखा प्रमुख र प्रशासन महाशाखाका वरिष्ठ अधिकृत सदस्य रहने छन् ।

(४) उपदफा (३) बमोजिम गठन हुने उपसमितिले प्रयोगात्मक वा अन्तरवार्ता वा प्रयोगात्मक तथा अन्तरवार्ता दुवै परिक्षा लिई सोको आधारमा नियुक्तिका लागि कार्यकारी निर्देशक समक्ष सिफारिस गर्नुपर्नेछ ।

१०. **पारिश्रमिक र सुविधाः** सिफ्ट वा बुलेटिन वेसिसमा काम गर्ने जनशक्तिको पारिश्रमिक र सुविधा करारमा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद-४

## सेवा करार वा ज्यालादारी सम्बन्धी व्यवस्था

११. **सेवा करारमा नियुक्तिः** (१) रेडियो नेपालमा दरबन्दीको व्यवस्था नभएका पदमा स्थायी पदपूर्ति गर्न नमिल्ने एफ.एम.रेडियो केन्द्र सञ्चालन गर्न आवश्यक अपरेटर, कार्यालय सहयोगी, एफ.एम. रिले केन्द्रको सुरक्षा गर्ने पाले, पानी र तेल बोक्ने भरिया, कार्यालयको सुरक्षाका लागि सुरक्षाकर्मी, बगैंचे, माली, कार्यालय सरसफाई गर्ने कुचिकार जस्ता कामका लागि कार्यकारी निर्देशकले सेवा करारमा नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा करारमा नियुक्ति गर्ने कार्यविधि प्रचलित सार्वजनिक खरिद सम्बन्धि कानून बमोजिम हुनेछ ।

१२. **कार्य विवरण :** रेडियो नेपालमा दरबन्दीको व्यवस्था नभई स्थायी पदपूर्ति गर्न नमिल्ने सेवा करार सम्बन्धी कार्य गर्नका लागि देहाय बमोजिमको पद र कार्य विवरण रहने छ ।

(१) **एफ.एम.रिले केन्द्र अपरेटर** : प्रसारण केन्द्र संचालन सम्बन्धी कार्य ।

(२) **व्यापार प्रवर्द्धक** : व्यापार प्रवर्द्धन सम्बन्धी कार्य ।

(३) **कार्यक्रम संचालक/कार्यक्रम प्रस्तोता** : कार्यक्रम उत्पादन तथा सञ्चालन ।

(४) **कार्यालय सहयोगी** :

(क) कार्यालयको सरसफाइ,

(ख) कार्यालयको सञ्चालनमा सहयोग,

(ग) चिठीपत्र ओसारपसार ।

(५) **भरीयाः**

(क) रेडियो नेपालको एफ.एम स्टेशन तथा प्रसारण कार्यालयमा सामान ओसारपसार गर्ने ।

(ख) कार्यालयको सामान ढुवानी गर्ने ।

(ग) स्टेशनहरुमा पानी तथा डिजेल ढुवानी गर्ने ।

(६) **सुरक्षाकर्मी**: कार्यालय परिसरको सुरक्षा व्यवस्था मिलाउने ।

(७) **वगैंचे र कुचिकार**:

(क) फूलहरु लगाउने, वेर्ना वनाउने, हुर्काउने, सम्भार गर्ने ।

(ख) ट्वाइलेट तथा भवनको चारै तर्फ सरसफाइ गर्ने ।

१३. **ज्यालादारीमा काम लगाउन सक्ने:** रेडियो नेपालमा दरबन्दीको व्यवस्था नभएको कुनै खास निम्न स्तरको जनशक्ति जस्तै पाले, सहयोगी आदि आवश्यक परेमा दैनिक ज्यालादारीमा नियुक्ति गरी काममा लगाउन सकिनेछ तर अन्यत्र स्थायी सेवामा रहेका व्यक्तिलाई ज्यालादारीमा नियुक्ति गरिने छैन ।

१४. **नियुक्ति प्रकिया र सेवा अवधि :** कार्यकारी निर्देशकले यस निर्देशिकाको दफा ११ र दफा १३ का पदहरुमा कार्य विवरण, सुविधा तथा सेवाका शर्तहरु, काम गर्नु पर्ने स्थान तथा पारिश्रमिक तोकी आवश्यकता अनुसार नियुक्ति गर्न सक्नेछ । यस्तो नियुक्तिको अवधि बढिमा एक वर्षसम्मका लागि हुनेछ ।

१५.**पारिश्रमिक र सुविधा सेवाका शर्तहरु :** सेवा करार वा ज्यालादारीमा काम गर्ने जनशक्तिको पारिश्रमिक र सुविधा करारमा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद-५

## विविध

१६. **नियुक्तिमा बन्देज:** (१) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमको व्यक्तिलाई करार सेवा, सिफट वा बुलेटिन वेसिस वा सेवा करारमा नियुक्त गर्न पाइनेछैन ।

(क) नियमावलीको नियम ३४ को उपनियम (५) ले बन्देज लगाएका व्यक्ति,

(ख) कुनै प्रसारण वा प्रकाशन संस्था (न्यू मिडिया समेत) मा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न व्यक्ति,

(ग) बुलेटिन बेसिसमा बाहेक अन्यका हकमा अन्यत्र कुनै सरकारी वा गैरसरकारी निकायमा स्थायी नियुक्त भएको व्यक्ति,

(घ) ५८ वर्ष उमेर पुरा भएको व्यक्ति ।

(ङ) प्रचलित कानूनले रोक लगाएको व्यक्ति ।

१७. **योग्यता :** रेडियो नेपालका लागि आवश्यक करार सेवा, सिफट वा बुलेटिन बेसिस, सेवा करारमा कर्मचारी नियुक्ति हुन नियमावलीमा व्यवस्था भएका पदहरुको योग्यता सोहि नियमावली बमोजिम हुने र अन्यको हकमा देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

(क) एफ.एम.रिले केन्द्र अपरेटर : टि.एस.एल.सी. वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी इलेक्ट्रीकल वा इलेक्ट्रोनिक्स सम्बन्धी ३ महिनाको तालीम वा सम्बन्धित क्षेत्रमा एक वर्षको अनुभव ।

(ख) रिपोर्टर/सम्वाददाता :प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी समाचार संकलन सम्बन्धी एक वर्षको अनुभव ।

(ग) समाचारवाचक : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण र सम्बन्धित भाषाको ज्ञान भई समाचारवाचन सम्बन्धि कार्यमा १ वर्षको अनुभव प्राप्त ।

(घ) कार्यक्रम संचालक/कार्यक्रम प्रस्तोता : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कार्यक्रम उत्पादक तथा प्रसारण क्षेत्रमा एक वर्षको अनुभव वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी कार्यक्रम उत्पादन तथा प्रसारण क्षेत्रमा ३ वर्षको अनुभव

(ङ) व्यापार प्रवर्द्धक : प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी व्यापार प्रवर्द्धन सम्बन्धमा एक वर्षको अनुभव ।

(च) सवारी चालक : साधारण लेखपढ तथा सवारी चालक अनुमति पत्र प्राप्त गरी एक वर्षको अनुभव प्राप्त ।

(छ) सुरक्षाकर्मी/पाले: साधारण लेखपढ तथा ३ महिनाको सुरक्षा सम्बन्धि तालीम प्राप्त वा एक वर्षको अनुभव प्राप्त अथवा नेपालको प्रहरी वा सेनाबाट अवकाश प्राप्त ।

(ज) कार्यालय सहयोगी /भरीया: साधारण लेखपढ ।

(झ) वगैंचे र कुचिकार: साधारण लेखपढ ।

१८. **<u>सेवाका शर्त तथा सुविधा:</u>** करार सेवा, सिफ्ट वा वुलेटिन बेसिस, सेवा करार वा ज्यालादारीमा पारिश्रमिक तथा सेवा सुविधा तोक्दा देहाय बमोजिम सेवा सुविधा समेत तोकी नियुक्ति गर्नुपर्नेछ ।

(क) कम्तीमा छ महिना सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने ।

(ख) सार्वजनिक विदा वाहेक वार्षिक रुपमा संचित भइ जिम्मेवारी नसर्ने गरी मासिक रुपमा एक दिन विदा दिने ।

(ग) आफै किरिया वस्नु पर्दा वढीमा १५ दिन किरिया विदा प्रदान गर्ने ।

(घ) सुत्केरी विदा अघि पछि गरी वढीमा ६० दिन प्रदान गर्ने ।

(ङ) सेवा अवधि अन्य प्रयोजनको लागि गणना गरिने छैन ।

(च) आवश्यकता अनुसार व्यवस्थापनले तोकेको अन्य सेवा शर्तहरु ।

१९. **<u>वार्षिक बजेटमा व्यवस्था गरिनुपर्ने</u>** : यस निर्देशिका बमोजिम करार सेवा, सिफट वा बुलेटिन बेसिश, सेवा करारको पदमा नियुक्ति गर्नु अघि स्वीकृत वार्षिक बजेटमा आवश्यक पर्ने पद संख्या उल्लेख गरी सञ्चालक समितिबाट स्वीकृत गर्नु पर्नेछ ।

*२०. **<u>करार वा सम्झौताको अन्त्य:</u>** यस निर्देशिका प्रारम्भ हुँदाका बखत कायम रहेका र यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिको करार अन्त्य सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) करार अवधि समाप्त भएको अवस्थामा स्वत: करार अन्त्य हुनेछ ।

(ख) तोकिएको जिम्मेवारी पूरा नगरेमा, पदीय अनुशासन पालना नगरेमा र करारमा उल्लिखित शर्तनामा पालना नगरेमा जुनसुकै वखत करार अन्त्य गर्न सकिनेछ ।

(ग) रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ अनुसारको आचरण पालना नगरेको खण्डमा करार अन्त्य गर्न सकिनेछ ।

(घ) विना सूचना १५ दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा करार सम्झौता स्वतः रद्द हुनेछ ।

(ङ) सेवा सन्तोषजनक नभएमा जुनसुकै समयमा पनि करार अन्त्य गर्न सकिनेछ ।

(च) उम्मेरको हद ५८ वर्ष पुगेमा स्वतः करार अन्त्य हुनेछ ।

(छ) सम्झौताको बखत तोकिएको कार्यक्षेत्र/प्रसारण केन्द्र/रिले स्टेशनको औचित्य नरहेको अवस्थामा करार स्वतः अन्त्य हुनेछ ।

*२१. **<u>नविकरण गर्न सकिने:</u>** यस निर्देशिका प्रारम्भ हुँदाका बखत कायम रहेका र यस निर्देशिका बमोजिम नियुक्त हुने करार सेवा, शिफ्ट वा बुलेटिन वेसिस, सेवा करार वा ज्यालादारीका जनशक्तिलाई कार्यदक्षताको आधारमा संचालक समितिको स्वीकृति लिई कार्यकारी निर्देशकले करारको नविकरण गर्न सक्नेछ ।

२२. **<u>संशोधन</u>**: सञ्चालक समितिले यस निर्देशिकालाई समायनुकूल संशोधन गर्न सक्नेछ ।

* पहिलो संशोधनद्वारा संशोधित